ईङ्वा हाइड्रोपावर लिमिटेड
**Ingwa Hydropower Limited**

PAN No.: 303742663
Regd. No.: 125983/071/072

मिति : २०८१ ०९ ०१

च.नं. ०८१/०८२/६९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार, काठमाडौं

**विषय : पन्ध्रौं वार्षिक साधारण सभाका लागि शेयर दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा ईङवा हाईड्रोपावर लिमिटेडको मिति २०८१/०८/३० गते, अपरान्ह ३ बजे बसेको सञ्चालक समितिको बैठक, संख्या ५ को निर्णयानुसार कम्पनीको आ.व. २०८०/०८१ को वार्षिक साधारण सभा मिति २०८१ साल पौष २४ गते (तदानुसार Wednesday, 8th January, 2025) निम्न लिखित मिति, स्थान र समयमा देहाय बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गर्न सभा संचालन हुने सबैमा जानकारीको लागि अनुरोध छ । साथै १५औं वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको मिति २०८१ साल पौष १२ गते एक दिनको लागि शेयरको दर्ता किताब बन्द (Book Close) रहने समेत सबैको जानकारीको लागि अनुरोध छ ।

**१५औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**
मिति : २०८१ साल पौष २४ गते बुधवार (Wednesday, 8th January, 2025)
स्थान : होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं ।
समय :- बिहान ११.०० बजे देखि

**१५औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू द्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रगति विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान/हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१. कम्पनीले विकास,निर्माण तथा संचालन गरिरहेको आयोजनाको लागि बैंक तथा वित्तीय संस्थासग लिईएको तथा लिने आवश्यक कर्जा कम्पनी ऐनको दफा १०५(ख) अनुरुप तोकिएको सिमा भन्दा बढी रहेको हुंदा सो कर्जा अनुमोदन गर्ने तथा अन्य आयोजनाहरु विकास गर्नका लागि थप कर्जा आवश्यक परेमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
२. कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा तथा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन आवश्यक भएमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

ग) विविध ।

भवदीय,

गोकुल पाण्डे
कम्पनी सचिव

बोधार्थ:
श्री नेपाल धितोपत्र बोर्ड ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।
श्री विद्युत नियमन आयोग ।
श्री विद्युत विकास विभाग ।

# ईङवा हाइड्रोपावर लिमिटेड
# INGWA HYDROPOWER LIMITED

रजिष्टर्ड कार्यालयः काठमाडौं महानगरपालिका वडा नं ११, थापाथली । फोनःनं. ०१ ५१११०९३
इमेलः ingwahydropowerlimited@gmail.com | वेवसाइटः www.ingwahydropowerltd.com.np

## पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०१)

ईङवा हाईड्रोपावर लिमिटेडको मिति २०८१/०८/३० गते अपरान्ह ३ बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको १५औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहाय बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१५औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः**

मितिः- २०८१ साल पौष २४ गते बुधवार (Wednesday, 8th January, 2025)

स्थानः- होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं ।

समयः- बिहान ११:०० बजेदेखि

**१५औं वार्षिक साधारण सभाका छलफलका बिषयहरुः**

**क) सामान्य प्रस्तावः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रगति विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

**ख) विशेष प्रस्तावः**

१. कम्पनीले विकास, निर्माण तथा संचालन गरिरहेको आयोजनाको लागि बैंक तथा वित्तीय संस्थासंग लिईएको तथा लिने आवश्यक कर्जा कम्पनी ऐनको दफा १०५(ख) अनुरुप तोकिएको सिमा भन्दा बढी रहेको हुँदा सो कर्जा अनुमोदन गर्ने तथा अन्य आयोजनाहरु विकास गर्नका लागि थप कर्जा आवश्यक परेमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

२. कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा तथा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन आवश्यक भएमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

### १५औं वार्षिक साधारण सभा हुने सम्बन्धी जानकारीहरु

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।

२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:३० बजेबाट खुल्ला गरिनेछ ।

३) १५औं वार्षिक साधारणसभाको प्रयोजनका लागि मिति २०८१ साल पौष १२ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द रहनेछ । मिति २०८१ साल पौष १२ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई तीन कार्य दिनभित्र शेयर दाखेल खारेजका लागि प्राप्त शेयरहरुबाट कायम शेयरधनीहरु मात्र यस आ.व. २०८०/०८१ को यस साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

४) साधारणसभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनी शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले साधारण सभामा भाग लिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

७) साधारण सभा सम्वन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौंमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेबसाइट www.ingwahydropowerltd.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

Ingwa Hydro Power Ltd Thapathali

As published on Nepal Samachar Patra dated 16th Dec 2024.